दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**मतदान किन गर्ने ?**

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधिको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक ६० | बुटवल | २०८२ फागुन ११ गते, सोमबार | नेपाल संवत ११४६ | Monday February 23, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## सहकारी ठगीमा दोषीलाई कारबाही हुनुपर्छ : कुलमान



बुटवल । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले उज्यालो नेपाल पार्टी सबैभन्दा नयाँ र उर्जाशील पार्टी भएको दाबी गरेका छन् । उनले जेनजी आन्दोलनको मागलाई सम्बोधन गर्न आफ्नो पार्टी स्थापना भएको बताए ।

आइतबार पार्टीले रूपन्देहीको भैरहवामा आयोजना गरेको चुनावी आमसभालाई सम्बोधन गर्दै अध्यक्ष घिसिङले टेस्टेड पार्टीहरू नयाँ नभएको बताए । उनले नेपाल विद्युत् प्राधिकरणमा आएपछि देशभरी लोडसेडिङको अन्त्य गरेको बताए । अब समग्र क्षेत्रको अँध्यारोलाई हटाएर सबै क्षेत्रमा लोडसेडिङ अन्त्य गरेर गरिब परिवारको अनुहारमा उज्यालो ल्याउन पार्टी अगाडि आएको उनले बताए ।

पूर्वमन्त्री समेत रहेका घिसिङले मिटरब्याजी, लघुवित्त, सहकारी ठगीको काण्डले किसान र विपन्न मर्कामा परेको र पीडितहरूको समस्या समाधान गर्नका लागि आयोग गठन गरेर दोषीमाथि कडा कारवाही गर्नुपर्ने आफूहरूको एजेण्डा रहेको उनले जनाए ।

त्यस्तै पार्टीका केन्द्रीय सदस्य किरण विकले उज्यालो नेपाल पार्टीले सबैभन्दा योग्य उम्मेदवार जनतासमक्ष पठाएको बताए । जेनजी आन्दोलनको म्याण्डेट, मर्मलाई स्वीकार्ने सबैभन्दा पहिलो नेता कुलमान घिसिङ भएको उनले दाबी गरे ।

पार्टीकोतर्फबाट रूपन्देही क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार सरोज सिंह चौधरी राजनीतिक स्थायीत्व र देशलाई निकास दिनका लागि उज्यालो नेपाल पार्टीको विकल्प नभएको बताए ।

## रेसुङ्गा विमानस्थलमा सातामा तीन उडानमात्र

गुल्मी । रेसुङ्गा विमानस्थलमा अबदेखि सातामा तीन पटकमात्र हवाई उडान गरिने भएको छ । नेपाल वायु सेवा निगमले यसअघि गुल्मीमा बिहीबार हुँदै आएको हवाई उडानको तालिकामा परिवर्तन गरेको हो ।

नेपाल वायु निगमले यसअघि आइतबार, मङ्गलबार, बिहीबार र शनिबार गरी सातामा चारपटक उडान गर्दै आएको थियो । उडान तालिकामा परिवर्तन गरेसँगै अबदेखि आइतबार, मङ्गलबार र शनिबार गरी सातामा तीन पटकमात्र उडान हुने भएको रेसुङ्गा विमानस्थल गुल्मीका स्टेसन प्रमुख सुमन थापाले जानकारी दिए ।

नेपाल वायुसेवा निगमका हाल तीन मात्र ट्वीनअटर जहाज रहेको र उक्त जहाज समय-समयमा मर्मत गर्नुपर्ने भएका कारण जहाजको अभावमा केही समयका लागि निगमले यसअघिको नियमित तालिकामा परिवर्तन गरेको उनले बताए । वर्षातको समय, खराब मौसम र बाक्लो हुस्सुका कारणबाहेक पछिल्लो तीन महिना रेसुङ्गा विमानस्थलमा नियमित रूपमा हवाई उडान हुँदै आइरहेको छ ।

रेसुङ्गा विमानस्थलमा नेपाल वायुसेवा निगमले १८ सिट क्षमताको ट्वीनअटर जहाजबाट काठमाडौँदेखि बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलदेखि बिहान ७:३० बजे उडान गर्दै आइरहेको छ । निगमले काठमाडौँबाट गुल्मीका लागि सात हजार ५०० र गुल्मीदेखि काठमाडौँका लागि सात हजार ३०० भाडादर निर्धारण गरेको छ ।

» बाँकी ३ पेजमा

# ४३ जिल्लामा पुग्यो निर्वाचन सामग्री

बुटवल । देशभरका ४३ जिल्लामा नेपाली सेनाले निर्वाचन सामग्री पुऱ्याएको छ ।

निर्वाचन पूर्वको कामअन्तर्गत नेपाली सेनाले अहिले निर्वाचन सामग्रीहरूको



ढुवानी गरिरहेको छ । नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले अहिलेसम्म ४३ जिल्लाहरूमा निर्वाचन सामग्री पुगिसेकेको बताए ।

'४३ जिल्लामा निर्वाचन सामग्रीहरू पुगिसेकका छन् । बाँकी जिल्लाहरूमा पनि जाने क्रममै छन् ।'- सहायक रथी बस्नेतले भने ।

उनका अनुसार १२ जिल्लाहरूमा अहिले निर्वाचन सामग्रीहरू लाने क्रम भइरहेको छ । त्यसपछि बाँकी रहेका २२ जिल्लाहरूमा निर्वाचन सामग्रीहरू पुग्नेछन् ।

तीन हिमाली जिल्लामा भने सेनाले हवाई साधनमार्फत् निर्वाचन सामग्री ढुवानी गरेको छ । जसमा अहिलेसम्म हुम्ला, मुगु र डोल्पामा हवाई साधनमार्फत् निर्वाचन सामग्री लगिएको सैनिक प्रवक्ता बस्नेतले बताए ।

डोल्पामा आइतबार मात्रै नेपाली सेनाको स्काई ट्रकमार्फत् निर्वाचन सामग्री लगिएको छ ।

नेपाली सेनाको स्काई ट्रकबाट मतपत्र, मतपेटिका, मसीका मार्कर, स्वस्तिक छाप, स्टिकर, रंगिन मतदाता नामावलीजस्ता निर्वाचन सामग्रीहरू डोल्पा पुगेका हुन् ।

अब मनाङ र मुस्ताङमा पनि हवाई साधानमार्फत् निर्वाचन सामग्री लैजाने सेनाको तयारी छ ।

## रूपन्देहीमा १५५ वडामा मतदाता शिक्षा जारी



**मोहम्मद हबिब**

*भैरहवा*

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित वातावरणमा सम्पन्न गर्न जिल्ला निर्वाचन कार्यालय रूपन्देहीले मतदान सामग्री व्यवस्थापनदेखि जनशक्ति परिचालनसम्मका काम तिव्र पारेको छ । निर्वाचनको मिति नजिकिएसँगै प्रशासनिक कामले तीव्रता पाएको हो । जसअन्तर्गत मतदान कार्यक्रमका लागि रूपन्देहीमा निर्वाचन सामग्री प्याकिङ्गको काम धमाधम भइरहेको छ भने निर्वाचन अधिकृतको कार्यालयले जनशक्ति व्यवस्थापन गरी तालिमको संयोजन गरिरहेका छन् ।

जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रले मतदान केन्द्रमा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको नामावली पनि प्रकाशन गरी प्रशिक्षणको काम अगाडि बढाएको छ ।

जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रका लागि समानुपातिक र पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फको मतपत्र बाहेकको निर्वाचन सामग्री व्यवस्थापन गरी रूजुको काम र केन्द्रमा पठाउनका लागि प्याकिङ्गको काम भैरहवामा भइरहेको हो । निर्वाचनका लागि नामावली, सुरक्षणशील, छेकाबारा, नउड्ने मसीको मार्कर, स्ट्याम्प प्याड, प्याडको मसी, दुई प्रकारका स्वस्तिक छाप , यस्तै निर्वाचनसम्बन्धी ऐन, नियम, निर्देशिका, फारम, झोला, र मतपेटिका स्टीकरलगायतका १४ सामग्री केन्द्रबाट आएको छ ।

यस्तै पुसपिन, डायरी (पोल बुकको काम गर्ने), मार्कर पेन, स्केल, स्टापलर मेसिन, स्टाप्लर पिन, स्कीसर्स, ग्लुस्टिक, सोसर (काउन्टिङ डम्पर), पञ्चिङ मेसिन, परिचयपत्र होल्डर, भित्री र बाहिरी कार्ड, पुरूष र महिला कार्ड, मतदाता क्रमसंख्या, मतदान केन्द्र कार्ड, प्लास्टिक झोला, बोरा, सुतली खाम, सेतो कागज, रेकर्ड फाइल, धागो, सियो, खाप्सियो, फलाटिन कपडा, सलाइ, कोरा कपडा (दुई मिटरको टुक्रा), जेल पेन कालो र रातो एवं चार वटाको मैनबत्ती प्याकेट र प्याकिङ टेपलगायतका ३७ प्रकारका निर्वाचन सामग्री जिल्लामा जिटुजिमार्फत् आपूर्ति गरी व्यवस्थापन गरेको जिल्ला निर्वाचन कार्यालय रूपन्देहीकी सूचना अधिकारी कल्पना शर्माले जानकारी दिइन । उनले कर्मचारी थप गरी प्याकिङ्गको काम भइरहेको र क्षेत्रअनुसार प्याकिङ्गको काम भएको जानकारी दिइन । सामग्रीहरूको प्याकिङ्ग भएपछि ढुवानी प्रक्रियाको काम सुरु हुनेछ ।

जिल्ला निर्वाचन कार्यालय रूपन्देहीकी प्रमुख कल्पना अर्यालले निर्वाचन कार्यातालिका बमोजिम काम सम्पन्न गर्न हाम्रो टिम लागेको बताइन् । अहिले २०९ मतदान स्थल र ७३२ मतदान केन्द्रका लागि आवश्यक सामग्री समयमै सामग्री पुऱ्याउन रूजु तथा प्याकेजिङको काम भइरहेको छ । १० प्रतिशत थपसहित कुल ८ सय ५ वटा प्याकिङ भइरहेको छ । मतदान केन्द्रमा खटाइने जनशक्तिको विवरण मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पठाइसकिएको छ भने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि तालिम सञ्चालन गर्ने तयारीसमेत गरिएको प्रमुख निर्वाचन अधिकारी अर्यालले जानकारी दिइन् ।

यससँगै मतदाता शिक्षा कार्यक्रमअन्तर्गत रूपन्देहीमा १७ गतेसम्म मतदातालाई मतदान प्रक्रियाबारे जानकारी गराउने सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको कार्यालयले जनाएको छ । निर्वाचनको तयारीको क्रममा यहाँको १५५ वटै वडामा मतदाता शिक्षा स्वयंसेवी परिचालन गरेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको र खटिएका मतदाता शिक्षा स्वयंसेवीले बस्ती टोल, गाउँ र विद्यालयका साथै घरदैलो कार्यक्रममार्फत् मतदाता शिक्षा दिइरहेका छन् । जसको अनुगन निर्वाचन सम्पर्क व्यक्तिले गरी विवरण पठाइरहेको कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभातर्फ ५ निर्वाचन क्षेत्र रहेको रूपन्देहीमा राजनीतिक दलका र स्वतन्त्र गरी १५५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । जिल्लामा ३ लाख ४६ हजार २ सय ३ जना पुरूष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य गरी ६ लाख ७२ हजार ५ सय २३ मतदाता छन् ।

# विष्णु पौडेलको प्रतिबद्धताले मतदाता उत्साहित



बुटवल । प्रतिनिधिसभा निर्वाचनअन्तर्गत रूपन्देही क्षेत्र नं. २ बाट उम्मेदवार बनेका विष्णु पौडेलले सार्वजनिक पुराना योजनाको पूर्णतासँगै दीर्घकालीन नयाँ विकासका प्रतिबद्धताले मतदातामा थप आकर्षण बढेको छ । उनले सार्वजनिक गरेका २० बुँदे चुनावी एजेण्डालाई आधार मानेर चुनावी प्रतिस्पर्धा थप तातिएको हो । उनले आफूले बोलेका होइन, अघिल्ला कार्यकालमा काम गरेर देखाएका योजनामात्रै समेटिएको दाबी गर्दै पौडेलले भौतिक पूर्वाधार, आर्थिक विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ, पर्यटन, ऊर्जा र सामाजिक सुरक्षासम्मका विषयलाई समेट्ने गरी विस्तृत प्रतिबद्धता अघि सारेका छन् ।

पौडेलको २० बुँदे एजेण्डाको केन्द्रमा 'वृहत् बुटवल' अवधारणा राखिएको छ । पश्चिम नेपालकै व्यापारिक तथा आर्थिक केन्द्रका रूपमा विकास हुँदै गएको बुटवललाई आधुनिक सहरमा रूपान्तरण गर्दै त्यसको प्रभाव रूपन्देहीका ग्रामीण भेगसम्म विस्तार गर्ने लक्ष्य उनले अघि सारेका छन् । बढ्दो सहरीकरणसँगै ट्राफिक व्यवस्थापन, ढल, खानेपानी, हरियाली, फोहोर व्यवस्थापन र आवासीय योजनालाई एकीकृत रूपमा अघि बढाउने प्रतिबद्धता उनको एजेण्डामा उल्लेख छ ।

भौतिक पूर्वाधारतर्फ पौडेलले सबैभन्दा महत्त्वपूर्ण योजनाका रूपमा कालीगण्डकी-तिनाउ पथान्तरणलाई राखेका छन् । यो आयोजना सम्पन्न भए रूपन्देहीसहित लुम्बिनी क्षेत्रको दीर्घकालीन खानेपानी समस्या समाधान हुने उनको दाबी छ । त्यस्तै बुटवल-पोखरा सडक स्तरोन्नति गरी दुई घण्टामा पोखरा पुग्ने अवस्था बनाउने, बुटवल-नारायणघाट सडकलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने, बुटवल-सुनौली अन्तर्राष्ट्रिय व्यापारिक मार्गलाई व्यवस्थित बनाउने एजेण्डा पनि समेटिएको छ ।

औद्योगिक विकास र रोजगारी सिर्जनालाई पौडेलले आफ्नो प्रमुख प्राथमिकतामा राखेका छन् । विशेष आर्थिक क्षेत्र, औद्योगिक करिडोर र निजी क्षेत्रसँगको सहकार्यमा उद्योग स्थापना गरेर युवालाई स्वदेशमै रोजगारी दिन सकिने उनको तर्क छ । वैदेशिक रोजगारीबाट फर्किएका युवालाई सीप र पुँजीमा आधारित उद्यमतर्फ आकर्षित गर्न सहुलियत ऋण, तालिम र बजार सुनिश्चितताको व्यवस्था गर्ने प्रतिबद्धता उनले जनाएका छन् ।

कृषि क्षेत्रमा आधुनिकीकरण र व्यावसायिकरण पौडेलको अर्को मुख्य एजेण्डा हो । सिँचाइ सुविधा विस्तार, कृषिमा यान्त्रिकीकरण, उत्पादनको उचित मूल्य, भण्डारण र प्रशोधन केन्द्र स्थापना गरेर किसानको आम्दानी बढाउने योजना उनले अघि सारेका छन् । रूपन्देहीको उर्वर भूमिलाई व्यावसायिक खेतीसँग जोड्दै कृषि आधारित उद्योग विकास गर्ने लक्ष्य पनि उनको घोषणापत्रमा उल्लेख छ ।

शिक्षा क्षेत्रमा गुणस्तर सुधार र सीपमूलक शिक्षामा जोड दिने पौडेलको प्रतिबद्धता छ । सामुदायिक विद्यालयको भौतिक संरचना सुधार, शिक्षक तालिम, प्रविधिमैत्री शिक्षा र प्राविधिक शिक्षालाई विस्तार गर्दै स्थानीय आवश्यकतासँग शिक्षा जोड्ने उनको भनाइ छ । उच्च शिक्षाका लागि रूपन्देहीमै सुविधा विस्तार गरी विद्यार्थीलाई बाहिर जानुपर्ने बाध्यता कम गर्ने लक्ष्यसमेत उनले राखेका छन् ।

स्वास्थ्य क्षेत्रको सुधार पौडेलको अर्को प्राथमिकता हो । सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सहज रूपमा उपलब्ध गराउने, अस्पतालको क्षमता विस्तार, विशेषज्ञ सेवा स्थानीयस्तरमै पुऱ्याउने र स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने उनको प्रतिबद्धता छ । ग्रामीण भेगका नागरिकलाई लक्षित गर्दै मोबाइल स्वास्थ्य सेवा र टेलिमेडिसिनको अवधारणासमेत उनले अघि सारेका छन् ।

ऊर्जा र पर्यटन विकासलाई पनि पौडेलले आर्थिक समृद्धिसँग जोडेर हेरेका छन् । विद्युत् उत्पादन, प्रसारण र वितरणलाई व्यवस्थित गर्दै उद्योग र घरायसी प्रयोगका लागि गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्ने उनको भनाइ छ । धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटन प्रवर्द्धन गर्दै लुम्बिनी क्षेत्रलाई अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा विकास गर्ने योजनासमेत उनको एजेण्डामा समावेश छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# संयमतापूर्वक अघि बढौँ

आगामी फागुन २१ गते हुन लागिरहेको प्रतिनिधिसभाको चुनावलाई भयरहित बनाउन सरकारले सुरक्षा सुनिश्चित गर्नुपर्छ। अहिले भइरहेका गतिविधि नियन्त्रण गर्न पहलकदमी नलिने र मुठभेडको वातावरण बन्ने हो भने चुनाव शान्तिपूर्ण हुनेमा शंका छ। भदौ २३ र २४ मा लुटेका हतियार फिर्ता नभएका र जेलबाट भागेका कैदी बन्दी सबै फिर्ता नभएकाले सुरक्षा चुनौती कायमै रहेको भन्दै दलहरूले संशय व्यक्त गरिरहेका बेला राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता र शुभेच्छुकले गरेका अराजक र उच्छृंखल क्रियाकलापले त्रासको वातावरण बढाएको छ।

लोकतन्त्रमा निर्वाचन अपरिहार्य छ। चुनाव जति अपरिहार्य छ, त्यत्तिकै शान्तिपूर्ण हुन आवश्यक छ। नागरिकले भयरहित ढंगले मतदान गर्न पाउने वातावरण हुनुपर्छ। पहिले चुनावमा भौतिक आक्रमण र धम्कीको जोखिम थियो। अहिले साइबर हमलाको जोखिम बढेको छ। अश्लिल शब्द चयन गरी सामाजिक सञ्जालमा गालीगलौज गर्ने र धम्क्याउने क्रियाकलाप बढेका छन्। राजनैतिक दलका झण्डा जलाउने र च्यात्ने गतिविधि पनि उत्तिकै छन्। यी दुई गतिविधिलाई नियन्त्रण नगर्ने हो भने चुनावमा हिंसाको जोखिम छ। अझ रौतहटमा भएको साम्प्रदायिक हिंसालाई नियन्त्रण गर्न संयमतापूर्वक पहलकदमी नलिने हो भने यसको असर देशव्यापी गर्ने देखिन्छ। साम्प्रदायिक हिंसा मच्चाएर मुलुकलाई कमजोर बनाउन खोज्ने विभिन्न शक्तिकेन्द्रको चाहनालाई पूरा हुन नदिन सरकार, राजनैतिक दल र प्रवद्ध नागरिक सबै सचेत भइ एकताबद्ध भई अघि बढ्न आवश्यक छ।

शान्ति सुरक्षाको सवालमा सरकारले जति बोलको छ, प्रधानमन्त्री सुशीला कार्कीले जति भाषण गरेकी छिन्, त्यसअनुसार व्यवहारमा देखिन नसक्दा मुलुकमा चुनाव हुन्छ भन्ने ग्यारेण्टी अझै नागरिकले पाउन सकेका छैनन्। चुनाव विरोधी गतिविधि रोक्ने नाममा दुर्गा प्रसाईं र ऋषि कट्टेलहरूलाई पक्राउ गर्ने कामले मात्रै चुनाव विरोधी गतिविधि नियन्त्रण हुने होइन्, रास्वपा कार्यकर्ताका अमर्यादित क्रियाकलाप कडाइ गर्न सरकारले ध्यान दिनुपर्छ। चुनावको विकल्प छैन। सर्वोच्च अदालतले संसद पुनर्स्थापनासम्बन्धी मुद्दाको सुनुवाइ चुनावपछि धकेलेर चुनावको लागि सहज बनाइदिएको छ, तर संवेदनशील विषयको मुद्दाको सुनुवाइ पछाडि सार्नु सर्वोच्च अदालतको विवेकसम्मत निर्णय हुनसक्तैन्। ढिलो न्याय दिनु अन्याय गर्नु सरह हो भनेझैं चुनावपछि हुने फैसलाको के अर्थ हुन्छ ? यस्ता विषयलाई छिटो छिनोफानो नलगाएर अदालतले विश्वसनीयता गुमाएको छ।

अब फागनु २१ मै चुनावका लागि सबै जिम्मेवार बन्न आवश्यक छ। सरकारले सुरक्षाको पूर्णतः ग्यारेण्टी गर्दै दल, उम्मेदवार र मतदातालाई आश्वस्त पार्न जति आवश्यक छ, राजनैतिक दलका नेता, कार्यकर्ता र नागरिक उत्तिकै जिम्मेवार बनेर चुनाव सम्पन्न गरी मुलुकलाई लयमा हिडाउनुपर्ने छ।

# मतदाता शिक्षाको महत्व



मनीन्द्ररत्न बज्राचार्य

*चुनावको समयमा चुनाव चिह्न पहिचान गर्ने विभिन्न आधार रहेको छ। चुनाव चिह्नलाई शिक्षित र अशिक्षित वर्गले आफ्नै तरिकाले सम्भिन्छ। उमेर अनुसार, महिला र पुरुष वर्गले बुझ्ने आधार फरक फरक हुन्छ। शिक्षितका लागि भने कुन चिह्नमा भोट हाल्ने भन्ने जानकारी रहेको हुन्छ। ग्रामीण भेगका जनताले शिक्षित भए पनि उम्मेदवारको चिह्न राम्ररी नबुझेको पनि हुन सक्छ। उमेरको हिसाबले युवा वर्ग शिक्षित भएका कारणले कुनै कुनै दलमा संलग्न भएका हुन सक्छन्। बुढाबुढीलाई उम्मेदवारको मत चिह्नबारे बुझाउनै पर्छ।*

फागुन २१ गते प्रतिनिधि सभाका लागि निर्वाचन हुँदै छ। मुलुक निर्वाचनको महोत्सवमा होमिएको छ। यो निर्वाचन विगतका भन्दा चुनौतीपूर्ण छ। किनकि जेनजी विद्रोहकै कारण निर्वाचन निम्तिएकाले पनि यसले राजनीतिक अर्थ राख्छ। सबै उम्मेदवार आ-आफ्ना पक्षमा मतदाता तान्न घरदैलो अभियानमा व्यस्त छन्। प्रमुख पार्टीका शीर्ष नेता उत्साहित भएर ठाउँ ठाउँमा आफ्ना सदस्यसहित जुलुस र प्रचारप्रसारमा लागिरहेका छन्। विशेषत नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपा, जनमत पार्टी, उज्यालो पार्टी र अन्य दल निर्वाचनमा विजयका लागि शक्ति प्रदर्शनमा हरतरहले प्रयासरत छन्। मतदान अमूल्य हक भएकाले आफ्नो मताधिकार प्रयोग गर्दा विवेक पुऱ्याउन आममतदाता सक्षम छन्। सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय र सरकारी कर्मचारी पनि आवश्यक तयारीका लागि युद्धस्तरमा जुटेका छन्।

**जनचाहना**

नेतृत्वबिना राज्य चल्दैन यस कारण निर्वाचनको आवश्यकता हुन्छ। जनताले विगत लामो समयदेखि देशमा भ्रष्टाचार बढ्नु, सुशासन पारदर्शिता नहुनु, देशभित्र रोजगारी नपाउनु, युवा विदेश पलायन बढ्दो हुनु, स्तरीय गुणस्तरको शिक्षा नपाउनु र राजनीतिक नेतृत्व पुरानै नेताको हातमा सधैँभर रहनु जस्ता कारणले भदौ २३ र २४मा जेनजी विद्रोह भयो। यो कसैको प्रभाव र दबाबमा नभई सुशासन कायम हुन नसक्दाको परिणाम थियो। देशमा पटक पटक जनआन्दोलन भए पनि नेपालको राजनीतिक इतिहासमा उही पुरानै सोच, शैली र स्वार्थको हाबी भइरह्यो।

अब जनताले नयाँ राजनीतिक सोच, विकास र संस्कार खोजिरहेका छन्। योग्य र सक्षम जनप्रतिनिधि चयनले मात्र सुशासन स्थापित भई राष्ट्रहित हुने छ। आजको चुनौती भनेको केवल चुनाव जिताई उम्मेदवार चुन्ने मात्र होइन जनताको आकांक्षामै रूपान्तर गर्नु हो। फागुन २१ को निर्वाचन सफल बनाउन सबै सरोकारवाला निकाय लाग्नु पर्छ।

नागरिकले युवा पुस्तालाई राजनीतिको शीर्ष स्थानमा देख्न र हेर्न चाहेको छ। जो भोलिका भविष्य र परिवर्तनका संवाहक पनि हुन्। समयको मागलाई मनन र आत्मसात् गर्दै चुनावमार्फत् नेतृत्व पुस्तान्तरण गर्न सक्नु पर्छ। जुनसुकै विचार, सिद्धान्त र पार्टीका नाममा विजय भए पनि नेपालको राष्ट्रियता र सार्वभौमसत्तालाई समृद्धि गराउनु जरुरी छ।

**मतदाता जागरण**

लोकतान्त्रिक प्रणाली अन्तर्गतको शासनमा निर्वाचनको जति महत्व छ त्यति नै निर्वाचन सार्थक बनाउन मतदाता जागरण हुनु त्यति नै आवश्यक छ। मतदाता जागरणले निर्वाचनमा मतदाताको सहभागिता बढाउँछ। त्यसैले पनि स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित सौहार्द वातावरणमा निर्वाचन सम्पन्न हुनु पर्छ। यसका लागि मतदाता शिक्षा पनि एक मुख्य विषय हो। यसले निर्धक्क भएर आफूले चाहेको वा रोजेको उम्मेदवारलाई मतदान गर्न सजिलो हुने छ। यसले मतदातामा निर्वाचनप्रति अपनत्व पनि बढाउँछ। मत बदरको न्यूनीकरण भई निर्वाचनप्रति उत्साह थपिन्छ। जति बढी मतदान हुन सक्यो लोकतन्त्र त्यति बढी सुदृढ हुने छ।

अशक्त, बिरामी, दृष्टिविहीन र अपाङ्गतालाई पनि मतदान गर्न सजिलो तरिकाले मतदानको व्यवस्था हुनु पर्छ। यस पटकको निर्वाचनमा मताधिकार प्रयोग गर्दा सुझबुझपूर्ण निर्णय लिई सहिदको सपना पूरा गर्ने दिशामा लाग्नु पर्छ। जीवन बलिदान गर्नुभन्दा ठुलो त्याग केही पनि हुन सक्दैन। मतदान गर्नुअघि आममतदाताले यसलाई ख्याल गर्नु पर्छ। कुनै दलको बहकावमा, जोड जबरदस्त, डर धम्की, करकाप, लोभ प्रलोभनबाट पृथक् रही स्वविवेक प्रयोग गरेर मतदान गर्नु पर्छ।

**चुनाव चिह्न**

हरेक चुनावमा चिह्नको महत्व हुन्छ। निर्वाचनका लागि दिने मतपत्र ठुला, लामा, भद्दा वा धेरै निर्वाचन चिह्न हुन सक्छ। मतपत्रमा थोरै समयमा छाप हाल्नु भनेको आफैँमा झन्झटिलो जस्तो लाग्न सक्छ।

यस कारण समयमै कुन उम्मेदवारको कुन चिह्न हो भन्ने मतदातामा ज्ञान हुनु जरुरी छ। मतदानका लागि बुथमा जाँदा कुन उम्मेदवारको चिह्न कुन हो, थाहा नभएर सही उम्मेदवार छान्नबाट वञ्चित हुन सकिन्छ। यस कारण समयमै मतदातामा उम्मेदवारको चिह्न चिन्नु पर्छ।

यसका लागि मतदातामा मतदानसम्बन्धी चुनावी ज्ञान दिनु जरुरी छ। अधिकांश अशिक्षित, दलित तथा पिछडावर्गका मतदाताले मतदान शिक्षाको आवश्यकता महसुस गरेको हुन्छ। चुनाव चिह्नको ज्ञान भनेको प्रचार प्रसारकै महत्वपूर्ण पक्ष हो।

यसपालिको चुनावमा धेरै उम्मेदवार छन्। राजनीतिक दल पनि धेरै छन्। निर्वाचन आयोगले १०७ राजनीतिक दललाई भिन्न भिन्नै चुनाव चिह्न प्रदान गरेको छ। दललाई पुरानै चिह्न प्रदान गरेको छ भने स्वतन्त्र उम्मेदवारका लागि नयाँ नयाँ चिह्नको व्यवस्था गरिएको छ। मतदाता शिक्षा निर्वाचन आयोगले दिएकै हुन्छ। दल वा उम्मेदवारका कार्यकर्ताले पनि घरदैलो कार्यक्रम गर्दा र अघिपछि पनि मतपत्रमा कुन चिह्नमा कसरी छाप लगाउने, कसरी मतपत्र पट्याउने हो भन्ने अभ्यास गरी प्रशिक्षित गराउनु महत्वपूर्ण हुन्छ। अर्बौं खर्च गरी हुन लागेको निर्वाचनमा कुनै पनि मतपत्र बदर नहोस् भन्ने ख्याल राख्नु सबै पक्षको जिम्मेवारी हो। यो काम निर्वाचन आयोगको मात्र नभई राजनीतिक दल र अन्य उम्मेदवारको पनि हो।

चुनावको समयमा चुनाव चिह्न पहिचान गर्ने विभिन्न आधार रहेको छ। चुनाव चिह्नलाई शिक्षित र अशिक्षित वर्गले आफ्नै तरिकाले सम्झिन्छ। उमेर अनुसार, महिला र पुरुष वर्गले बुझ्ने आधार फरक फरक हुन्छ।

शिक्षितका लागि भने कुन चिह्नमा भोट हाल्ने भन्ने जानकारी रहेको हुन्छ। ग्रामीण भेगका जनताले शिक्षित भए पनि उम्मेदवारको चिह्न राम्ररी नबुझेको पनि हुन सक्छ। उमेरको हिसाबले युवा वर्ग शिक्षित भएका कारणले कुनै कुनै दलमा संलग्न भएका हुन सक्छन्। बुढाबुढीलाई उम्मेदवारको मत चिह्नबारे बुझाउनै पर्छ।

विशेषतः अशिक्षित वर्गलाई फलानो पार्टीको चिह्न यो हो, फलाना उम्मेदवारको चिह्न यो हो भनी मतपत्रमा चिह्न लगाउन सिकाउनु जरुरी छ। मतदाता शिक्षा दिनेहरूले स्वस्तिक चिह्नलाई ठिक ठाउँको कोठाभित्र लगाउने नमुना पनि सिकाइ दिनु पर्छ। जो मतदाताले उम्मेदवारको सरोकार राख्दैन त्यस्ता उम्मेदवारको चुनाव चिह्न थाहा नपाउन सक्छ। धेरैजसो नपढेका मतदाताले जुन अगाडि चिह्न छ, त्यसैमा हतारोमा छाप हान्ने गरेको पाइन्छ। धेरैजसो महिला वर्ग अशिक्षित हुने हुँदा महिलालाई बढी मतदाता शिक्षामा चुनाव चिह्नबारे जानकारी दिनु पर्छ।

उनीहरूलाई मतपत्रमा यसरी हाल्ने भनेर हात समाई अभ्यास गराएमा मत धेरै बदर हुन पाउँदैन। यसरी मतदातालाई मतदान शिक्षा दिएमा आफ्नो मतबाट योग्य उम्मेदवार छान्ने सुअवसर पाउने छन्। योग्य, इमानदार, सक्षम र सही प्रतिनिधिको विजयीले देशमा शासकीय नेतृत्व पाई सुशासन कायम हुने छ। मतदाताको सचेतनाले नै सही उम्मेदवार निर्वाचित भई देशको भविष्य उज्ज्वल हुने छ।

गोपबाट

# नेप्से परिसूचक २७ अङ्कले घट्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार उच्च अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक २७ दशमलव ५९ अङ्कले घटेर दुई हजार ६१४ दशमलव ५५ को बिन्दुमा कायम भएको छ। यो एक दशमलव शून्य चार प्रतिशतको गिरावट हो।

३२४ कम्पनीको एक करोड ५९ लाख ८९ हजार ४३० कित्ता शेयर ७२ हजार १०४ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ६९ करोड ९७ लाख २१ हजार २०४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। सबै समूहको उपसूचक रातो देखिएको छ। बैंकिङ शून्य दशमलव ५२, विकास बैंक एक दशमलव ४१, वित्त शून्य दशमलव ५६, होटल तथा पर्यटन एक दशमलव शून्य नौ, जलविद्युत् एक दशमलव ८१, लगानी शून्य दशमलव ९४ र जीवन बिमा शून्य दशमलव ७३ प्रतिशतले घटेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन समूह एक दशमलव शून्य दुई, लघुवित्त शून्य दशमलव ४८, म्युचुअल फण्ड शून्य दशमलव २२, निर्जीवन बिमा शून्य दशमलव ४२, व्यापार तीन दशमलव ५९ र अन्य समूह शून्य दशमलव ८५ प्रतिशतले घटेको छ। सलपा विकास बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा बढी बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव ९२ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रु ६३ करोड ४२ लाख ४० हजार १०१ बराबरको १७ लाख ८२ हजार ९०३ कित्ता शेयर किनबेच भएको छ।


## Maharajganj Municipality
### Office of Municipal Executive
### Kapilvastu,Lumbini Province

## INVITATION FOR ELECTRONIC BIDS

Publication Date: 2026-02-22

Maharajganj Municipality invites electronic bids from eligible bidders under for from Registered contractor for following works.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline of bid submission | Date and time of bid opening | Estimated Amount (inclusive of VAT) |
|---|---|---|---|---|---|---|---|---|
| Single-Stage: Single-Envelope Bidding Procedure | | | | | | | | |
| **First Time Pubished** | | | | | | | | |
| 1 | 23-MM/KPIL/RD/ Works/082/083 | Maharajganj Kharendrapur Sadak Maramat | 90/120 days | 70000.00 | 3000.00 | 25-03-2026 till12:00 Hrs | 25-03-2026 till 12:15 Hrs | 3159886.22 |
| Works Sealed Quotation | | | | | | | | |
| **First Time Pubished** | | | | | | | | |
| 2 | 7-MM/KPIL/ RD/SQ/ Works/082/083 | Chohatta Gau Dhekhi Bargadi Jane Bato Starunnati | 45/75 days | 43000.00 | 1000.00 | 10-03-2026 till 12:00 Hrs | 10-03-2026 till 12:00 Hrs | 1762836.77 |
| Account No. for bid document purchase fee: | | | Name of the Bank: NIC Asia Bank Ltd..<br>Name of the Office: Maharajganj Municipality<br>Office Account no: 1592050027909017<br>Rajaswa (revenue) Shirshak no. :14229 | | | | | |
| Account No. for bid security deposit: | | | Bank Name: NIC Asia Bank Ltd..<br>Bank Address: Imiliya, Buddhabhumi Municipality, Kapilvastu<br>Office Name: Maharajganj Municipality<br>Account Number: 1592050524885012 | | | | | |

Notice : All provisions of this notice will be consistent with PPA 2063, PPR 2064 clause 49ka and other prevailing NepaleseLaws.

Chief Administrative Officer

## रेसुङ्गा ...

रेसुङ्गा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावाको चाप हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमा मात्र उडान हुने गर्दछ ।

जिल्लामा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकहरूको संख्यामा समेत वृद्धि हुँदै गएको छ । अठार घण्टा लामो यात्रा गरेर राजधानी पुग्नुपर्ने बाध्यता रहेको यस क्षेत्रका नागरिकले आकाशमार्गबाट ४५ मिनेटमै सहज रूपमा गुल्मीबाट राजधानी आवतजावत गर्न सहज बनेको छ ।

जिल्लामा हवाई सेवा लिने नागरिकको चाप पछिल्लो समयमा बढ्दै गएको छ । तर यात्रुहरूको चाप बढे पनि उडान संख्या थोरै हुने र उडान तालिकामा परिवर्तन भइरहने भएका कारण यस क्षेत्रका नागरिक समस्यामा परेका छन् । जिल्लामा नेपाल वायुसेवा निगमले २०८० बैशाख २९ गतेदेखि व्यावसायिक हवाई उडान सेवा सुरुआत गरेको थियो ।

## विष्णु...

सामाजिक सुरक्षाको सवालमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित र विपन्न समुदायलाई लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता पौडेलले जनाएका छन् । सामाजिक सुरक्षा भत्तालाई समयानुकूल बनाउँदै सेवा प्रवाहलाई सरल र पारदर्शी बनाउने उनको भनाइ छ ।

सुशासन र पारदर्शितालाई पनि पौडेलले चुनावी एजेण्डाको आधार बनाएका छन् । भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवामा डिजिटल प्रणाली, छिटोछरितो सेवा र जनप्रतिनिधिको जवाफदेहितालाई मजबुत बनाउने उनले बताएका छन् । विकास योजनामा जनसहभागिता र निगरानी बढाएर ‘कागजमा होइन, मैदानमा देखिने विकास’ गर्ने दाबी उनको छ ।

पौडेलले आफ्नो २० बुँदे एजेण्डालाई चुनावी नारामा सीमित नराखी अघिल्ला कार्यकालमा सम्पन्न तथा सुरु भएका आयोजनासँग जोडेर प्रस्तुत गरेका छन् । यसले उनको एजेण्डा व्यवहारिक र कार्यान्वयनयोग्य रहेको सन्देश दिन खोजिएको देखिन्छ । उनका समर्थकहरू यसलाई अनुभवी नेताको ‘रोडम्याप’ मानिरहेका छन् भने विपक्षी दलले कार्यान्वयन क्षमतामाथि प्रश्न उठाइरहेका छन् ।

रूपन्देही-२ मा चुनावी प्रतिस्पर्धा तीव्र बन्दै जाँदा विकास, रोजगारी र सुशासन मतदाताका मुख्य चासोका विषय बनेका छन् । यस्तो अवस्थामा विष्णु पौडेलले अघि सारेको २० बुँदे एजेण्डाले मतदातालाई कत्तिको विश्वस्त बनाउँछ भन्ने प्रश्न निर्णायक हुने स्थानीयको भनाइ छ । तर उनले प्रस्तुत गरेको विकासको खाकाले यो निर्वाचनलाई व्यक्ति र दलभन्दा माथि उठेर ‘एजेण्डाको बहस’तर्फ उन्मुख गराएको बुटवल ११ का मतदाता नबिना घिमिरे बताउँछिन् ।

आइतबार पौडेलले तिलोत्तमाको ३ नम्बरमा घरदैलो गरको छन् । त्यसैगरी बुटवल १० वडा सम्पर्क र बुटवल ६ को वडा सम्पर्क कार्यालयमा मतदातालाई भेट गरेर आफूले अघि सारेका प्रतिबद्धता पूरा गर्नेे जनाएका छन् । त्यसैगरी श्रृंगेश्वरधाममा रहेका ज्येष्ठ नागरिकसँग भेटघाट, तिलोत्तमा ४ मा घरदैलो गरेका छन् । श्रृंगेश्वरधाममा रहेका ज्येष्ठ नागरिकसँग पौडेलले एमाले नेतृत्वमा रहेको सरकारले अघि सारेका वृद्धभत्ता र सामाजिक सुरक्षा कार्यक्रमले ठूलो राहत दिएको र आगामी दिनमा जारी राख्ने जनाए ।

पौडेल तिलोत्तमा नगरपालिकाका विभिन्न वडामा चुनावी अभियानमा व्यस्त देखिए । बिहान तिलोत्तमा-३ मा घरदैलो कार्यक्रमबाट सुरू भएको अभियान दिउँसो तिलोत्तमास्थित श्रृंगेश्वर धाममा ज्येष्ठ नागरिक भेटघाट र तिलोत्तमा-४ मा घरदैलोपछि ड्राइभरटोल चोकको कोणसभासम्म पुगेको थियो ।

तिलोत्तमा-३ का स्थानीय मतदाता सीता अधिकारीले घरदैलोका क्रममा भनिन्-“विष्णु पौडेल पटक-पटक मन्त्री हुँदा यहाँका सडक, खानेपानी र विद्युत् विस्तारमा काम भएको हामीले देखेका छौं । अब अधुरा योजना पूरा हुने अपेक्षा गरेका छौं ।” अर्का मतदाता रामकृष्ण खनालले भने-“राजनीतिमा अनुभव भएका व्यक्ति फेरि निर्वाचित भए स्थिरता र विकास दुवैलाई निरन्तरता मिल्छ भन्ने विश्वास छ ।”

श्रृंगेश्वर धाममा आयोजित ज्येष्ठ नागरिक भेटघाट कार्यक्रममा स्थानीय ज्येष्ठ नागरिक नन्दलाल न्यौपानेले भने-“हामी वृद्धवृद्धाको सामाजिक सुरक्षाभत्ता समयमै पाउनुपर्छ, स्वास्थ्य सेवा सहज हुनुपर्छ । यसतर्फ उहाँको ध्यान जाओस् भन्ने चाहना छ ।” अर्की ज्येष्ठ नागरिक कमला भट्टराईले थपिन्-“ज्येष्ठ नागरिकमैत्री पूर्वाधार र नियमित स्वास्थ्य शिविर आवश्यक छ, उम्मेदवारले यसलाई प्राथमिकतामा राख्नुपर्छ ।”

तिलोत्तमा-४ मा घरदैलो गर्दै पौडेलले स्थानीयसँग प्रत्यक्ष संवाद गरेका थिए । ड्राइभरटोल चोकमा आयोजित कोणसभामा बोल्दै उनले विकास, पूर्वाधार विस्तार र रोजगारी सिर्जनालाई मुख्य एजेण्डा बनाएका छन् । उनले भने-“रूपन्देही-२ लाई आधुनिक कृषि, उद्योग र पूर्वाधारका माध्यमबाट समृद्ध बनाउने हाम्रो स्पष्ट योजना छ । अधुरा सडक, सिँचाइ र खानेपानीका योजना पूरा गर्नु मेरो प्राथमिकता हो ।

युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने वातावरण बनाइनेछ । ज्येष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षालाई अझ प्रभावकारी बनाइनेछ । स्थिर सरकार र अनुभवी नेतृत्वमार्फत् विकासले गति लिन्छ भन्ने विश्वासका साथ तपाईंहरूको मत माग्न आएको छु ।” दिनभरको कार्यक्रममा स्थानीयवासीको उल्लेख्य सहभागिता देखिएको थियो ।

एमाले कार्यकर्ताहरूले घरदैलो र कोणसभामा उत्साहजनक उपस्थिति जनाएको जनाइएको छ ।

## चेक बुक हराएको सूचना

म प्राप्ती पोखरेल नामको शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि. शाखा भैरहवामा रहेको खाता नं. ०८८१२३००६६२४८३००००01 को चेक नं ०००९६३७९२६ देखि ०००९६३७९३० नम्बर सम्मको र सेन्चुरी बैंक लि. शाखा भैरहवा हाल प्रभु बैकको खाता नं. ००१००००९९६PR को चेक नम्बर ०००९६८४६०६ नम्बरको चेक बुकहरु मिति २०८२।१०।११ को दिनमा भैरहवा मालपोत परिसरबाट हराएको हुँदा र उक्त चेक बुकमा २/४ वटा खाली चेकमा मेरो हस्ताक्षर समेत भएकाले उक्त भेटाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित सम्पर्क नम्वरमाा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नाम–प्राप्ती पोखरेल**

**सम्पर्क नं. ९८५१२०५८५८**

## श्री मौलाकालिका अपाङ्ग सेवा संस्था

**कावासोती–०८ नवलपरासी (बर्दघाट सुस्ता पूर्व )**

## आर्थिक प्रस्ताब खोलिने बारेको सुचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/११

यस कार्यालयको भवन निर्माण कार्य गर्ने सम्बन्धमा मिति : २०८२/१०/०७ , लुम्बिनी राष्ट्रिय दैनिकीमा प्रकाशित बोलपत्र आवाह्न सम्बन्धी सूचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन् आएका प्राबिधिक प्रस्ताबहरु खोली प्राप्त बोलपत्रहरुको मूल्यांकन समितिबाट मुल्यांकन पश्चात तपसिल बमोजिमका बोल्पत्रदताहरुको प्राबिधिक प्रस्ताब सारभूत रुपमा योग्यताको आधारमा प्रभाबग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन २०७४ तथा बिनियामवालीको नियम अनुसार आर्थिक प्रस्ताब यहि मिति :२०८२।११।१७ गते दिनको ठिक १२:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| Description of the Work | Contract ID: | प्राबिधिक/ प्रस्ताबमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| of Construction Of Maulakalika Disable Care Organization Building | MDCO/Works/ NCB-01/082-83 | Habitat /Ramaniya/ Dixa J.V. Diwa/Gautam J.V. |

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

दुम्किबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)

स्थाः २०७३

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/११/११**

यस कार्यालयबाट दोस्रो पटक प्राकशित मिति २०८२/१०/२१ गते तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | बोलपत्र नं. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम मु.अ.कर सहित |
|---|---|---|---|---|
| 1 | 24/BTRM/SQ/ Goods/2082-083 | Procurement of Electronic Device (laptop, Desktop and Printer) | Cosmic IT Solution Point, Kawasoti, Nawalparasi East | 1846006.42/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## लिलाम बिक्री सम्बन्धी शिलबन्दि बोलपत्र आव्हानको सूचना

(सुचना प्रकाशित मिति : २०८२/११/११ गते)

यस कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय भैरहवाको मौज्दातमा रहेको गहुँ खाद्यान्न र गहुँबीउ तयार गर्दा निस्केको गहुँ उप-उत्पादन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्न देहाय बमोजिमका शर्तहरु को अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिएकोले गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. गहुँ-खाद्यान्न ६३.६५० मेट्रिक टन
२. गहुँ-उप-उत्पादन २५.१५१ मेट्रिक टन
जम्मा : ८८.८०१ मे.टन

**शर्तहरु :**

१. कार्यालय बाट रु.१,०००।-(फिर्ता नहुने गरि) तिरी सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८२।१२।०१)गते दिनको १.०० बजे भित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. खरिद गरिएको बोलपत्र फारममा आफुले लिन चाहेको गँहु, उप-उत्पादन र गहुँ खाद्यान्न जे-परिमाण माथि उल्लेख छ सोको दररेट राखी सूचना प्रकाशित भएको मितिले २१ औं दिन(२०८२।१२।०१)गते दिनको १२:०० बजे भित्रमा बोलपत्र फारम खरिद गर्नुपर्नेछ । खरिद गरेको बोलपत्र फारम शिलबन्दि गरि सोही दिनको अपरान्ह १:०० बजे भित्र दर्ता गर्नुपर्नेछ । नियमानुसार पर्न आएका शिलबन्दि बोलपत्रहरुलाई सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधि हरुको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा कुनै बाधा पर्ने छैन ।
३. बोलपत्रदाताले आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी बापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड भैरहवा स्थित खाता नं.०१००१०३०००००८३९ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र फारम साथ पेश गर्नुपर्ने छ ।
४. बोलपत्र दाताले रित पूर्वक सहि छाप एवम् शिलबन्दी गरी यस कार्यालयमा आफैं आई शिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ ।
५. बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको गहुँ, खाद्यान्न र गहुँ उप-उत्पादन गोप्य शिलबन्दी बोलपत्र फारममा आफूले कबोल गरेको दर रेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ ।
६. बोलपत्रदाताले फर्म,कम्पनी वा संस्थाको हकमा दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र व्यक्ती भएमा नागरिकताको प्रतिलिपी अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।
७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ औं दिन भित्र कबोल गरेको कुल रकम यस कार्यालयमा जम्मा गरी बील कटाई सम्पूर्ण सामान उठाई लैजानु पर्नेछ । निर्धारित समय भित्रमा सामान उठाई नलगेमा निजले राखेको धरौटी बापतको रकम जफत गरी नियमानुसार गरिनेछ ।
८. बोलपत्र स्विकृती भए पछि आफुले सकार गरेको सामान यस कार्यालयको गोदामबाट उठाई लैजान लाग्ने सम्पुर्ण खर्च र कस्ती गर्ने बोरा समेत स्वयम्ले नै व्यहोर्नु पर्नेछ ।
९. रित नपुगेका वा म्याद नाघि आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।
१०. प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
११. बोलपत्र खरिद र खोल्ने दिन सार्वजानिक बिदा परेमा सोको भोलिपल्ट उक्त कार्यगरिने छ ।
१२. यस सम्बन्धि अन्य कुराहरु प्रचलित कानुन र ऐन नियमानुसार हुनेछ । अन्य आवश्यक कुरा बुझ्नु पर्ने भएमा वा लिलाम हुने सामानको नमुना हेर्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

**कृषि सामग्री कम्पनी लिमिटेड**
**प्रादेशिक कार्यालय, भैरहवा, फोन नं.०७१-५७०१४०**

## Malika Rural Municipality

Arkhawang,Gulmi

## Invitation for Bids

**Date of publication: 23February, 2026**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of worksas specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).

**Information to deposit the cost of Bidding Document in Bank:**

Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi.
Name of Bank: Global IME Bank Ltd. (Branch of MalikaGulmi)
Office Account No: **36004010000006**
**Account Name: Ga-1.1 AntarikRajaswoKhata (Malika Ga. Pa.)**

3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang,
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (StaniyaTaha Dharauti Khata (malikaga pa), A/CNo.: 36004010000004) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9857067906,9851129149,within office time. The name, identification number and other details of the contracts are as follows:

| Sn | Contract Name | Identification No. | Estimated Amount exclusive of VAT | Bid Document Fee (NRS) | Bid Security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery ofMedical Equipment forHealth Post underInfrastructure Improvement Program (Package–1) | OMRM-GUL-G-NCB-49-2082/083 | - | 3,000 | 64,000 | 25-03-2026 12:00 | 25-03-2026 13:00 | Online |
| 2 | Supply and Delivery of IT Equipment for Health Post under Infrastructure Improvement Program (Package–2) | OMRM-GUL-G-NCB-50-2082/083 | - | 3,000 | 74,000 | 25-03-2026 12:00 | 25-03-2026 13:00 | Online |

**Chief Administrative Officer**

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८२/११/११)**

गण्डकी प्रदेश, नवलपरासी (ब.सु.पु.) जिल्ला कावासोती नगरपालिका प्रस्तावक रही निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कावासोती नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>कावासोती, नवलपरासी (ब.सु.पू.)<br>गण्डकी प्रदेश |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश नवलपरासी (ब.सु.पु.) जिल्ला कावासोती नगरपालिका वडा नं १६ डण्डा स्थित अंकुर आदर्श सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत पर्ने वन क्षेत्रमा थारु राष्ट्रिय संग्रहालय अध्ययन केन्द्र संस्थाले थारु सांस्कृतिक हल निर्माण तथा संचालन गर्नको लागि आवश्यक कार्यको प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन<br>GPS Point: 27.627767°, 84.091666° |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | नवलपरासी (ब.सु.पू.)जिल्ला/कावासोती नगरपालिका |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्वन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कावासोती नगरपालिकाको वडा नं १६ को कार्यालय तथा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी,वन कार्यालय तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कावासोती नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>कावासोती-नवलपरासी (ब.सु.पू.),<br>गण्डकी प्रदेश<br>फोनः +९७७ ७८५४०१७०<br>इमेलः info@kawasotimun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | रिसर्च एण्ड इन्भाइरमेन्टल कन्सल्टिंग प्रा. लि.<br>अनामनगर, काठमाडौं<br>फोन नं. : ९८४७६०९९६८<br>ई-मेलःresearchenv.con.2076@)gmail.com |

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# कालिकापथलाई व्यापारिक केन्द्र बनाउँछु : पौडेल



बुटवल । रूपन्देही निर्वाचन क्षेत्र नं. २ मा नेपाली काङ्ग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार चुन्नप्रसाद शर्माले घरदैलो अभियानको छैटौँ दिन पनि मतदातासँग प्रत्यक्ष संवादलाई निरन्तरता दिएका छन् । छैटौँ दिनको अभियान बिहान बुटवल उप-महानगरपालिका-९ अन्तर्गत नेपालगञ्ज रोडको कालिका मन्दिरबाट सुरु भएको थियो । त्यहाँबाट कालिकापथका विभिन्न टोल, मिलनचोक, तिनकुने चोक हुँदै कालिकापथ शिवालयसम्म पुगेर उनले मतदातासँग भेटघाट गरे ।

स्थानीयले विशेषगरी कालिकापथ क्षेत्रमा रात्रिकालीन बजार व्यवस्थित गर्नुपर्ने, खानेपानीको समस्या समाधान गर्नुपर्ने तथा सुरक्षित र सहज व्यापारिक वातावरण बनाउनुपर्ने माग अघि सारेका थिए । व्यवसायीहरूले बजार व्यवस्थापन, सडक बत्ती र सुरक्षामा ध्यान दिन आग्रह गरेका थिए । उम्मेदवार शर्माले कालिकापथलाई व्यवस्थित र आकर्षक व्यापारिक केन्द्रका रूपमा विकास गर्ने प्रतिबद्धता दोहोर्‍याउँदै आवश्यक पूर्वाधार सुधारमा पहल गर्ने बताए। 'छैटौँ दिनसम्म आइपुग्दा जनताको उत्साहले अझ जिम्मेवारी बढाएको छ ।'-उनले भने । अभियानमा नेपाली काङ्ग्रेसकी समानुपातिक उम्मेदवार रीता सेन ओलीले जनताको घरदैलोमा पुगेर सुझाव लिनु नै लोकतन्त्रको सुन्दर अभ्यास भएको बताइन् । 'समानुपातिक प्रणालीमार्फत् समावेशी आवाज संसदमा पुऱ्याउने हाम्रो दायित्व हो ।'-ओलीले भनिन् ।

त्यसैगरी दिउँसो १ बजेपछि अभियान बुटवल उप-महानगरपालिका-११ तर्फ मोडिएको थियो । कालिकानगर सर्भिस लेनबाट सुरु भएको घरदैलो होराइजन चोक, योगीकुटी, माझगाउँ, देवीनगर हुँदै तल्लो देवीनगरसम्म पुगेको थियो । वडा नं. ११ का बासिन्दाले सडक स्तरोन्नति, ढल निकास, खानेपानी र सहरी पूर्वाधार सुधारको माग राखेका थिए। उम्मेदवारहरूले स्थानीय तहसँग समन्वय गरी चरणबद्ध रूपमा समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यक्रममा स्थानीय नेता, कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

बुटवलमा आयोजित जेनजी युवा तथा विद्यार्थी भेलामा उल्लेख्य सहभागिता देखिएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै राजनीतिक विश्लेषक तथा पूर्व राष्ट्रपति डा.रामवरण यादवका सल्लाहकार हरि शर्माले अहिलेको राजनीतिक सन्दर्भमा "भिड र भिजन छुट्याउन सक्नुपर्ने" आवश्यकता औंल्याए ।

उनले भने-"नेतृत्व केवल भीड देखाएर स्थापित हुँदैन, स्पष्ट योजना, नीतिगत स्पष्टता र कार्यान्वयनको क्षमता चाहिन्छ । त्यो आधारमा नेपाली कांग्रेस स्पष्ट भिजनसहित अघि बढिरहेको छ ।" उनले विशेषगरी युवामैत्री नीति, रोजगारी सिर्जना, शिक्षा सुधार, उद्यमशीलता प्रवर्द्धन र सुशासनका सवालमा कांग्रेसको प्रतिज्ञापत्र कार्यान्वयन गर्न सकिने र प्रभावकारी रहेको बताए। "कागजमा मात्र होइन, व्यवहारमा कार्यान्वयन गर्न सकिने कार्यक्रम कांग्रेसले अघि सारेको छ।"- शर्माले भने । भेलामा चुन्नप्रसाद पौडेलको उम्मेदवारीलाई बलियो रूपमा समर्थन गरिएको थियो ।

उनले रूपन्देही क्षेत्र नम्बर २ को समग्र विकास, पूर्वाधार विस्तार, युवालाई स्वदेशमै अवसर र दीगो आर्थिक योजनाका लागि पौडेललाई विजयी गराउनुपर्ने धारणा राखेका थिए । युवा तथा विद्यार्थीहरूको उल्लेख्य उपस्थितिले परिवर्तनको चाहना र नीतिगत बहसप्रति चासो बढेको संकेत दिएको सहभागीहरूको भनाइ थियो । कार्यक्रमका वक्ताहरूले भावनात्मक नाराभन्दा तथ्य र योजनामा आधारित राजनीतिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए । भेलाको समापनमा कांग्रेसको प्रतिज्ञापत्रलाई घरघरमा पुऱ्याउने र युवालाई सक्रिय रूपमा राजनीतिक प्रक्रियामा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको थियो । कार्यक्रममा युवा पुस्ताको उत्साहजनक उपस्थितिले चुनावी माहोल थप तातेको हो । सो अवसरमा अन्य पार्टी छाडेर नेपाली कांग्रेसमा युवाहरू प्रवेश गरेका छन् ।

निर्वाचनको मिति नजिकिँदै गर्दा बुटवलका १५० युवा नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । आइतबार नेपाली कांग्रेसका ४० वर्ष मुनिका युवा भेलामा १५० जना युवा नेपाली कांग्रेसमा प्रवेश गरेका हुन् । नव प्रवेशीहरूलाई नेपाली कांग्रेस लुम्बिनी प्रदेश कोषाध्यक्ष प्रकाश रानाले पार्टीमा स्वागत गरेका हुन् । सो अवसरमा युवा नेता सुनिल शर्माले जेनजी आन्दोलन भ्रष्टाचारको अन्त्य र नेताहरूको अस्वभाविक रहनसहनविरुद्ध रहेको बताए । उनले सामाजिक सञ्जालमार्फत् सेलिब्रेटी भएर मात्रै देश चलाउन नसकिने बताए ।

देश रेश ऱ्याप, उखान टुक्काले देश नचल्ने र भिजन चाहिने उनले जनाए । कार्यक्रममा अध्यक्ष विजय गुरूङ, प्रशिक्षण विभाग सदस्य सचिव बालकृष्ण पौडेल,प्रदेश प्रतिनिधि नरेश कुमार पुन,बिद्यार्थी नेता सुदिप शर्मा,,नेविसंघ केन्द्रीय सदस्य अशोक गौतम, राजु रास्केलगायतले बोल्दै जेनजी आन्दोलनपछि परिवर्तन भएको दल नेपाली कांग्रेस मात्रै भएको उनीहरूको भनाइ छ । कार्यक्रममा चालीस वर्ष मुनिका १५० जना युवा कांग्रेसमा प्रवेश गरेका छन् ।

# आमसभाभन्दा घरदैलो र डिजिटल प्रचारमा जोड

**कृष्ण पोखरेल**

*पाल्पा*



फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पाल्पा जिल्लामा चुनावी सरगर्मी बढेको छ । यस पटकको निर्वाचनमा पाल्पाका राजनीतिक दल र उम्मेदवारहरूले विगतको परम्परागत शैलीलाई त्याग्दै नयाँ फरक शैलीमा प्रचारप्रसारलाई अगाडि बढाएका छन् । विगतमा पाल्पामा हुने ठूला र खर्चिला आम सभा कुनै पनि राजनितिक दलहरूले गरेका छैनन् । पाल्पाका दुई वटै निर्वाचन क्षेत्रका उम्मेदवारहरू मतदाताको घरदैलो र सामाजिक सञ्जालमा बढी केन्द्रित देखिएका छन् ।

उम्मेदवारी मनोनयन पत्र दर्तापछि राजनीतिक दल तथा उम्मेदवारहरूले माघ ६ गतेदेखि फागुन ३ गतेसम्म नै आन्तरिक तयारी, रणनीति निर्माण चुनावी घरदैलो अभियानमा जुटेका छन् । माघ ६ देखि फागुन ३ गतेसम्म राजनीतिक दल तथा उम्मेदवारहरूले वडादेखि जिल्ला तहसम्मका नेता तथा कार्यकर्ताहरूसँग सघन भेटघाट र सांगठनिक रणनीति निर्माणका कामहरू चलायमान बनाएका छन् । सोही अवधिमा टोल-टोलमा पार्टी सम्पर्क कार्यालयहरू स्थापना गरी संगठनलाई चलायमान बनाए । फागुन ४ गतेदेखि भने उम्मेदवारहरूले प्रचारप्रसारलाई तीव्रता दिएका छन् ।

विगतमा जिल्ला, पालिका र इलाकास्तरमा हुने ठूला आमसभा र कोणसभाहरू यसपटक निकै कम देखिएका छन् । त्यसको सट्टा उम्मेदवारहरू आफैँ टोल-टोल र घर-घरमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गरिरहेका छन् । बजारदेखि गाउँसम्म माइकिङ, तुल र ब्यानरहरू प्रयोग भए पनि डिजिटल प्रचारको प्रभाव निकै बढेको छ । सामाजिक सञ्जालमा चुनावी एजेण्डाहरूको 'बाढी' नै आएको छ, जहाँ उम्मेदवारहरूले भिडियो सन्देशमार्फत मत मागिरहेको नेकपा एमाले पाल्पाका अध्यक्ष ओमबहादुर घर्तीमगरले बताए ।

युवा उम्मेदवार र सभ्य प्रतिस्पर्धा यसपटक पाल्पामा अधिकांश राजनीतिक दलले नयाँ र युवा अनुहारलाई चुनावी मैदानमा उतारेका छन् । उम्मेदवारहरूबिच व्यक्तिगत आरोप-प्रत्यारोपभन्दा पनि मित्रवत रूपमा स्वस्थ प्रतिस्पर्धा भइरहेको पाइएको छ । अधिकांशले केन्द्रीय घोषणापत्र र स्थानीय प्रतिबद्धता पत्रलाई मुख्य आधार बनाएर आफ्ना एजेण्डाहरू प्रस्तुत गरिरहेको नेपाली काग्रेसका उपसभापति झपेन्द्र गहिरेले बताए ।

निर्वाचनको अंकगणित र तयारी पाल्पामा दुई निर्वाचन क्षेत्रका लागि ३० जना उम्मेदवार चुनावी मैदानमा छन् । निर्वाचन कार्यालयका अनुसार जिल्लाभर निर्वाचनका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भइसकेको छ ।

पाल्पामा नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबिच बढी प्रतिष्पर्धा देखिए पनि अन्य राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, सार्वभौम नागरिक पार्टीहरूले ठुला पार्टीबाट जनताहरू रूष्ट रहेकोले आफ्नो पक्षमा जनमत आउने दाबी गर्दै आएका छन् ।

पाल्पा क्षेत्र नं. १ मा ५२ मतदान स्थल र ११७ मतदान केन्द्र रहेका छन्, जसमा ९८ हजार ३ सय ८३ मतदाता छन् । जुनमा १४ जना उम्मेदवारबिच प्रतिस्पर्धा हुँदैछ। पाल्पा क्षेत्र नं. २ मा ६६ मतदान स्थल र १३४ मतदान केन्द्र रहेका छन्, जसमा १ लाख ९ हजार ५३ मतदाता छन् । क्षेत्र नं. २ मा १६ जना उम्मेदवार चुनावी मैदानमा छन्। निर्वाचनको लागि जिल्लाभर १ हजार ५ सय १८ जना निर्वाचन कर्मचारी परिचालन गरिँदैछ । सुरक्षा व्यवस्था चुस्त बनाउन मतदानको पहिलो सुरक्षा घेरामा ७५१ जना नेपाल प्रहरी र १ हजार ४ सय १३ जना निर्वाचन प्रहरी खटाइएको छ । अहिलेसम्म पाल्पामा शान्तिपूर्ण रूपमा निर्वाचन प्रचारको काम भएको छ ।

# उवासंघले मनायो ७३औं स्थापना दिवस

बुटवल । बुटवल उद्योग वाणिज्य संघ रूपन्देहीले संघका पूर्वअध्यक्ष निर्मलप्रसाद लाकौललाई सम्मान गरेको छ । संघको ७३औं स्थापना दिवसको अवसरमा आइतबार संघमा आयोजना गरिएको कार्यक्रममा पूर्वअध्यक्ष लाकौललाई सम्मान गरिएको हो ।

२०६१ देखि २०६३ सम्म अध्यक्ष भएर संघको श्रीवृद्धि तथा यस क्षेत्रको आर्थिक, सामाजिक तथा औद्योगिक विकासमा अतुलनीय योगदान पुऱ्याएबापत पूर्वअध्यक्ष लाकौललाई सम्मान गरिएको हो । पूर्वअध्यक्ष लाकौललाई नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठ तथा संघका अध्यक्ष हरिप्रसाद अर्यालले मालासहित दोसल्ला ओढाएर सम्मान पत्र प्रदान गरेका थिए ।

सम्मान ग्रहण गर्दै पूर्वअध्यक्ष लाकौलले संघले गरेको सम्मानले आफूलाई थप उर्जा प्रदान गरेको बताए । संघले हरेक स्थापना दिवसमा पूर्वअध्यक्ष मध्येबाट एक जनालाई सम्मान गर्दै आएको छ । लाकौल अध्यक्ष हुँदा संघले २०६२ सालदेखि कृषिमेला समेत प्रारम्भ गरेको थियो । त्यसयता संघले नियमित रूपमा कृषि मेला सञ्चालन गर्दै आएको छ ।

स्थापना दिवसकै अवसरमा संघले बुटवलका तीन वटा सामुदायिक विद्यालयमा छात्रवृत्ति अयक्षकोष स्थापना गरेको छ । संघले बुटवल उप-महानगरपालिका वडा नं. ४ मा रहेको कान्ति माध्यमिक विद्यालयमा स्थापित 'बुटवल उद्योग वाणिज्य संघ रूपन्देही, कान्ति माध्यमिक विद्यालय अक्षयकोष'मा ७१ हजार रुपैयाँ थप गरेर १ लाख १ हजार पुऱ्याएको छ भने बुटवल ६ मा रहेको तिलोत्तमा माध्यमिक विद्यालयमा ५० हजार रुपैयाँ र वडा नं. ४ मा रहेको लक्ष्मी माध्यमिक विद्यालयमा १ लाख १ हजार रुपैयाँको छात्रवृत्ति अक्षयकोष स्थापना गरेको हो । कार्यक्रममा संघका अध्यक्ष अर्याल र नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्रेष्ठले ती विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकलाई उल्लेखित रकम बराबरको चेक हस्तान्तरण गरेका हुन् ।

त्यसैगरी बुटवल उद्योग वाणिज्य संघमा गठित औषधी तथा सर्जिकल बस्तुगत समितिको समन्वयमा मावन सेवा आश्रमलाई आवश्यक औषधि प्रदान गरिएको छ । स्थापना दिवसकै अवसरमा संघ परिषरमा श्रीखण्ड चन्दनको वृक्षरोपण समेत गरिएको संघका कार्यसमिति सदस्य तथा स्थापना दिवस कार्यक्रम संयोजक दीपक घिमिरेले जानकारी दिए ।

२००९ सालमा तदर्थ समितिको रूपमा गठन भएको बुटवल उद्योग वाणिज्य संघ २०१० साल फागुन १० गते औपचारिक रूपमा दर्ता भएको थियो । त्यसैदिनलाई संघ स्थापना दिवसको रूपमा मनाउँदै आएको संघका अध्यक्ष हरिप्रसाद अर्यालले जानकारी गराए । उनका अनुसार निजी क्षेत्रको सबैभन्दा पुराना संस्था बुटवल उद्योग वाणिज्य संघले उद्योगी व्यवसायीहरूको हकहित तथा व्यवसायिक प्रवर्द्धनसहित आर्थिक, सामाजिक तथा औद्योगिक विकासमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ ।

# विश्वदीपसँग छाडा चौपाया व्यवस्थापनको माग



तिलोत्तमा । तिलोत्तमा नगरपालिकावासी मतदाताले रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार सुवास पाण्डे 'विश्वदीप' समक्ष छाडा चौपायाको समस्या डरलाग्दो बन्दै गएको भन्दै समस्याको समाधानका लागि पहल गर्न आग्रह गरेका छन् ।

मतदाताले नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट तारा चुनाव चिन्ह लिएर उम्मेदवार रहेका पाण्डे समक्ष विभिन्न अपेक्षा राख्दै छाडा चौपायाका कारण खेप्नु परेको सास्तीबारे गम्भीर चिन्ता व्यक्त गरेका छन् । र, तिलोत्तमा वडा नं. १ मा रहेको गौशाला अन्यत्र सार्न माग गरेका छन् ।

तिलोत्तमा नगरपालिकाभित्र रहेका छाडा चौपायाले समस्या पारिरहेका बेला भैरहवामा रहेका छाडा चौपाया समेत गौशालामा ल्याईने र केही दिनमै छाडिने गरेको गुनासो स्थानीयको छ ।

घरदैलोको क्रममा आइतबार तिलोत्तमाको वडा नं. १ मा पुगेका पाण्डेसँग स्थानीय व्यवसायी टिकाराम भण्डारीले आफूहरूको पीडाप्रति कसैले पनि वास्ता नगरेको गुनासो गरे । भण्डारीले अहिलेसम्म आफ्ना समस्या सुन्ने र देख्ने निकाय नभएको भन्दै उम्मेदवार विश्वदीपलाई अभिभावकीय भूमिका खेल्न आग्रह गरे ।

छाडा चौपायाले स्थानीय कृषकको बालिनालीमा हानी नोक्सानी पुऱ्याउनुका साथै व्यवसायीलाई समस्या पार्दै आएका छन् । त्यतिमात्र होइन, छाडा चौपायाकै कारण सडक दुर्घटना बढ्नुकासाथै गाउँशहरमा फोहर समेत बढिरहेको छ । मतदाताका मौखिक र लिखित समस्याबारे जानकारी लिएपछि उम्मेदवार पाण्डेले जनताका समस्या पुरा गर्न आफू प्रतिबद्ध रहेको बताउँदै सरोकारवाला निकायसँगको समन्वयमा समस्याको अल्पकालिन र दीर्घकालिन योजना बनाएर समाधान गरिने उल्लेख गरे । तिलोत्तमाका मतदाताले उम्मेदवार पाण्डेसँग तिनाउ नदीबाट आउने तपाह खोलाको पानीमा केमिकल, प्लाष्टिक र फोहर बगेर आउँदा धेरै कृषक प्रभावित भएको गुनासो समेत गरे । कृषकको स्वास्थ्य सुरक्षाका लागि बुटवल क्षेत्रबाट नै फोहर फाल्न नदिई फोहरको वैज्ञानिक व्यवस्थापन गनुपर्ने उनीहरूको माग छ ।

स्थानीय व्यवसायी भण्डारीसहितले रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार पाण्डेलाई विभिन्न समस्याबारे १२ बूँदामा लिखित जानकारी गराउँदै तिलोत्तमावासीका साझा माग र मुद्दाप्रति गम्भीर बन्न अनुरोध गरेका थिए । केहीबेर स्थानीयका समस्या सुनेपछि पाण्डेले यस क्षेत्रका समस्या समाधानका लागि जुनसुकै चुनौतीको सामना गरेर भएपनि हल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले आफू यहीं क्षेत्रमा जन्मेहुर्केको व्यक्ति भएकाले आश्वासन बाँडेर भोट बटुल्न आफू नआएको बताए । विगतमा आफूले संघीय सरकारको नेतृत्व गरेका नेताहरूसँग सहकार्य गर्ने अवसर पाएको र त्यो अनुभवलाई यस क्षेत्रका समस्या समाधान र विकासमा योगदान गर्न चाहेकाले उम्मेदवारी दिएको उनले मतदातासमक्ष बताएका थिए । उनीसँगको भेटमा मतदाताले विगतका उम्मेदवारले जस्तो आश्वासन मात्रै बाँडेर धोका नदिन र विजयीपछि काम विशेषबाहेक गाउँ छाड्ने काम नगर्न आग्रह गरेका थिए । मतदातालाई आश्वस्त पार्दै उम्मेदवार पाण्डेले निर्वाचन सम्पन्न भएपछिका दिनमा जनपक्षीय काम गर्ने सवालमा कुनै शंका नगर्न र त्यसको परिणाम निर्वाचनपछि देखिने बताए ।

नेपाली कम्युनिष्ट पार्टीका नेता कार्यकर्तासहितको घरदैलो तिलोत्तमाको वडा नं. १ को बुद्धटोल, नयाँ चपरहट्टी टोल, शिवचोक, प्यारामाउण्ट टोल, मिलनटोल, प्रगतिटोल, सरस्वती टोलमा गरिएको निर्वाचन समितिका संयोजक नारायण जीसी 'निर्मल'ले बताए । उनका अनुसार वडा नं. ५ को नयाँमिल, डाइभरटोल र वडा नं. ४ को शिवपुरलगायतका क्षेत्रमा घरदैलो गरिएको छ । घरदैलोका क्रममा मतदातालाई आफ्नो अमूल्य भोटले पाँच वर्षको लागि भाग्य र भविश्यको फैसला गर्ने भएकाले निकै संयमित र विचार पुऱ्याएर मतदान गर्न आग्रह गरिएको संयोजक जीसीको भनाइ छ ।

## कपिलवस्तु ३ मा कनोडियाको चुनावी प्रतिबद्धताः

# बहुआयामिक समृद्धिका योजना



कपिलवस्तु । प्रतिनिधिसभा निर्वाचन कपिलवस्तु क्षेत्र नं. ३ का नेकपा एमाले उम्मेदवार वीरेन्द्रकुमार कनोडियाले प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् ।

फागुन २१ गते हुने निर्वाचनका लागि आफ्नो क्षेत्रमा गर्नसक्ने कामहरूको विवरणसहित पत्रकार सम्मेलनमार्फत् "समृद्ध देश साझा गन्तव्य, सुखी जनता सुदृढ भविष्य" भन्ने मूल ध्येयसहित समग्र विकासका लागि एमाले उम्मेदवार वीरेन्द्रकुमार कनोडियाले बहुआयामिक समृद्धिका योजनाहरु सहितको प्रतिबद्धता पत्र सार्वजनिक गरेका हुन् ।

उनले प्रतिबद्धता पत्रमा भौतिक पूर्वाधार विकास, आर्थिक समृद्ध कृषि र रोजगारी, शिक्षा तथा खेलकुद, सामाजिक न्याय र स्वास्थ्य सेवा, पर्यटन तथा संस्कृति, युवा लक्षित कार्यक्रम, सुशासनसहितको सेवा प्रवाह, वातावरण संरक्षण तथा न्याय, सिँचाइ, शिक्षा, स्वास्थ्य, खानोपानी, र सूचना प्रविधिलाई प्राथमिकता दिएका छन् ।

प्रतिबद्धता पत्रमा कनोडियाले हुलाकी सडकको शिवगढी पश्चिमतर्फ बिस्तारमा पहल, दुई निर्वाचन जोड्ने सडक सञ्जाल, चन्द्रौटा-मैनार सडक खण्डको कहरा र मैनार नदीमा पुल निर्माण कार्य, आरटिओ सडक स्तर उन्नति, शंकरपुर तालमा जलाशय निर्माण गरी सिँचाइको प्रबन्ध मिलाउने, गङ्गाघाट सिँचाइ योजनाको स्तरोन्नति गरी सिँचाइको प्रबन्ध मिलाउने सडकहरू कालोपत्रे, नदी तथा खोलाको कटान रोक्नका लागि व्यवस्थित तटबन्धन गर्ने योजना अगाडि सारेका छन् ।

त्यस्तै शिक्षातर्फ प्राविधिक क्लेज स्थापन गर्ने र पर्यटन विकासको लागि ऐतिहासिक, पुरातात्त्विक, मन्दिरको संरक्षण गरी पर्यटकीय क्षेत्रको विकास गर्ने, विजयनगरमा होम स्टेको प्रबन्ध मिलाउनेलगायतका योजना अगाडि उनले सारेका छन् ।

कतिपय समस्याहरू प्रतिबद्धता पत्रमा समेट्न नसकिएको बताउँदै उम्मेदवार कनोडियाले जनताको प्रतिनिधिको रुपमा निर्वाचित भएमा जनतासँगै रहेर जनताकै मनोभावनाअनुसार काम गर्ने पत्रकार सम्मेलनमा बताए ।

# रूपन्देही ५ मा एमाले उम्मेदवार भट्टराई उत्साहित

बुटवल । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रूपन्देही क्षेत्र नं. ५ मा नेकपा एमालेका उम्मेदवार खिमलाल भट्टराई घरदैलोमा देखिएको जनलहरप्रति उत्साहित बनेका छन् । घरदैलो कार्यक्रमका क्रममा प्रत्येक क्षेत्रका जनसमुदायबाट अपेक्षाभन्दा बढी माया, समर्थन र भरोसा प्राप्त भएपछि आफू खुसी र उर्जावान बनेको भट्टराईले बताए ।

लुम्बिनीलाई केन्द्रमा राखेर यस क्षेत्रको सर्वपक्षीय विकासका लागि आफू लाग्ने र क्षेत्रको विकासका लागि सदनबाट समस्याको समाधान गरिने भन्दै आफू जनताको सुख र दुःखमा सधैँ सँगै रहने उनले जनाए। नेपालको राजनीतिमा नयाँ अनुहार नभए पनि खिमलाल भट्टराईको आम निर्वाचनको यात्रा पहिलो पटक हो । भट्टराईले राष्ट्रियसभामा रहँदा रूपन्देहीको क्षेत्र नं. ५ को शिक्षा, खेलकुद सडक खानेपानी सिँचाइ तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान दिएको स्थानीयको भनाइ छ ।

विद्यालय भवन निर्माण, खेलकुद संरचना विकास र सामाजिक कार्यमा उनको सक्रिय भूमिकाको स्थानीयले खुलेर प्रशंसा गरेका छन् । यी योगदानका आधारम रूपन्देही ५ ले अबको नेतृत्व भट्टराईलाई दिनुपर्ने धारणा स्थानीयले व्यक्त गरेका छन् ।

घरदैलो कार्यक्रमका क्रममा स्थानीयले सक्षम, विकासमुखी र जेनजी पुस्ताको भावना बुझ्ने युवा नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै भट्टराइ प्रति समर्थन जनाएका छन्। "अबको भोट युवा उम्मेदवार खिमलाल भट्टराईलाई" भन्ने आवाज गाउँ-बस्तीमा गुन्जिन थालेको छ ।

स्थानीयसँग प्रत्यक्ष भेटघाट गर्दै उनीहरूको दुःख, पीडा र अपेक्षालाई नजिकबाट बुझेका भट्टराईले यस क्रममा स्थानीयले पटक-पटक निर्वाचित भएका नेताहरूले केवल झुटा आश्वासन मात्रै दिएको गुनासो राख्दै अब नेतृत्व परिवर्तन अपरिहार्य भएको बताएका छन् ।

उम्मेदवार भट्टराईले रूपन्देही ५ को समग्र विकासका लागि रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य तथा सडक पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए। जनतासँग प्रत्यक्ष संवादबाट प्राप्त सुझावलाई नै आफ्नो कार्ययोजनाको आधार बनाउने उनको भनाइ छ ।

घरदैलो कार्यक्रमसँगै भट्टराईले जनताका समस्या संकलन गर्ने कामलाई पनि निरन्तरता दिएका छन् । कुन ठाउँमा के समस्या छ भन्ने विवरण डायरीमा टिप्दै सुकुम्बासी तथा अव्यवस्थित बसोवास, खानेपानी, बाटोघाटो तथा सडक सञ्जालसम्बन्धी समस्या पहिचान गरिएको छ ।

निर्वाचित भए पनि नभए पनि जनताका समस्या समाधानका लागि सधैँ सक्रिय रहने प्रतिबद्धता भट्टराईले व्यक्त गरेका छन् ।

**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया**
**डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com